वालिङ नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

वालिङ, स्याङ्जा ।

गण्डकी प्रदेश, नेपाल

वालिङ नगरपालिका नगर कार्यपालिकाको कार्यालय वालिङ, स्याङ्जा

प्रमुख प्रशासकीय अधिकृत

**सेवा शुल्क बढाबढको सिलबन्दी दरभाउ पत्र सम्बन्धी आव्हानको सूचना**

प्रथम पटक सूचना प्रकाशित मिति २०७७।५।२१ गते

स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद-९ मा नगरपालिकाको वितिय अधिकार क्षेत्र अन्तर्गत ऐनको दफा ६२ को उपदफा २ को (घ) र दफा ६१ बमोजिमको सडक निर्माण, संचालन वा व्यवस्थापन गरे वापत नगरपालिकाले सेव सुविधा उपलब्ध गराउने वा त्यस्तै सुविधा उपयोग गरे वापत लाग्ने पूर्वाधार उपयोग एवं कवाडी जन्य सामान निकासी तथा बिक्री कर उठाउने कार्य आफै गर्न वा व्यवस्थापन करार वा निजी क्षेत्र माफर्त गराउन सक्ने व्यवस्था भए बमोजिम आन्तरीक आय बृदृधि गर्ने उद्देश्यले (ठेक्का बन्दोबस्ती) गर्ने प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको न्यूनतम अंक नघटने गरी निम्न लिखित शर्तहरुको अधिनमा रहि ठेक्का नम्बर अनुसार छुट्टाछुट्टै दरभाउपत्र खरिद गरी रितपूर्वक शिलबन्दी दरभाउपत्र पेश गर्न १५ (पन्ध्र) दिने यो सूचना प्रकाशित गरिएको छ ।

शर्तहरुः

१) सिलबन्दी दरभाउपत्र यो सूचना प्रथम पटक प्रकाशित भएको मिति २०७७।०५।२१ गते देखी १५ दिन (मिति २०७६।०६।०४) गते भित्र चालु आर्थिक वर्षका लागि नविकरण भएको ईजाजत पत्र । आयकर तथा मु.अ.कर दर्ता प्रमाणपत्र, । कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि संलग्न राखी लिखित निवेदन साथ उल्लेखीत दस्तुर (पछि फिर्ता नहुने गरी) तिरि यस कार्यालयको राजश्व शाखाबाट खरिद गर्न सकिनेछ ।

२) सिलबन्दी १६औ दिनको मिति २०७६।०६।०५ गते मध्यान्ह १२ बजे भित्र यस कार्यालयमा दर्ता गर्नुपर्नेछ । सिलबन्दी दाखिला गर्दा सिलवन्दी गरी कार्यालयको नाम, ठेगाना, ठेक्का नम्बर र कामको विवरण तथा सिलबन्दीवालाको नाम ठेगाना स्पष्ट रुपमा खाम बाहिर उल्लेख गर्नु पर्नेछ । सिलवन्दी खरिद तथा दाखिला गर्ने अन्तीम दिन सार्वजनीक विदा परेमा उक्त कार्य कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

३) सिलबन्दी साथ आफुले कवोल गरेको अंकको ५ प्रतिशतले हुन आउने जमानत रकम यस कार्यालयको नेपाल बैंक लिमिटेड शाखा वालिङ स्थित ग ३ धरौटी खाता नं. ०८३०३००००३०००००००१ मा जम्मा गरेको सक्कलै बैक भौचर वा मान्यता प्राप्त वैकबाट कार्यसम्पादन जमानत पेश गर्नु पर्नेछ।

४) म्याद भित्र दर्ता भएका सिलबन्दी दरभाउपत्रहरु दर्ता भएको अन्तीम दिनको २.३० बजे पछि कार्यालयका प्रतिनधि वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिने छ । म्याद नाघी आएको, कार्यालयबाट विक्री नभएको सिलबन्दी दरभाउपत्र फाराम भरी आएको सिलबन्दी दरभाउपत्र वालाको दस्तखत एंव छाप नभएको प्रचलित कानूनको रित नपुगेको र शर्त राखी पेशभएको सिलबन्दी दरभाउपत्र उपर कुनै कारवाही हुने छैन् । दरभाउपत्र वालाको प्रतिनिधि उपस्थित नभएमा पनि सिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

५) सिलबन्दी दरभाउपत्रमा कवोल गरेको मु.अ.कर बाहेकका रकम अंक र अक्षरमा स्पष्ट ररुपमा लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । केरमेट भएको ठाउमा अनिवार्य दस्तखत र छाप हुनु पर्नेछ।

६) वोलपत्र स्वीकृत भएपछि कवोल अंकको ५ प्रतिशत ले हुन आउने रकम नेपाल बैक लिमिटेड शाखा वालिङ स्थित यस कार्यालयको धरौटी खाता नं. ०८३०३०००००००३००००१ मा जम्मा गरेको सक्कल बैक भौचर वा सो रकम बराबरको यस कार्यालयको नाममा जारी गरिएको जमानत पत्र (Performance Bond) सम्झौता गर्नु अघि पेश गर्नु पर्नेछ ।

७) सिलबन्दी दरभाउपत्र स्वीकृत भएको सूचना प्राप्त भएकोले मितिले बाटको मयाद बाहेक ७ दिन भित्र आफले कवोल गरेको अंकको ५० प्रतिशत रकम राजश्व शाखामा नगदै वा यस कार्यालयको नाममा रहेको नेपाल बैंक लि.शाखा वालिङमा रहेको खाता नं. ०८३०३००००१००१००००१ मा जम्मा गरेको सक्कलै बैक भौचर र बांकी ५० प्रतिशत रकमको लागि कम्तिमा २०७८ साल श्रावण मसान्त सम्मको म्यादभएको मानयता प्राप्त बैकबाट जारी भएको परफरमेन्ट बण्ड पेश गरी ठेक्का कबेलियत गर्न आउनु पर्नेछ ।

८) सम्झौताको समयमा कवोल गरेको सम्पूर्ण रकम एक मुष्ठ बझाउनेको हकमा बैक जमानत आवश्यक पर्ने छैन् । साथै कवोल अंकमा १० प्रतिशत छुट दिन सकिने छ । यसरी छुट दिदा न्यूनतम अंक भन्दा कम हुने छैन् । सम्झौतको समयमा ५० प्रतिशत रकम बुझाउनेको हकमा कवोल अंकको ५० प्रतिशत किस्ता रकम र कवोल अंकको नियमानुसार लाग्ने कर समेत चुता गर्नु पर्नेछ । बांकी ५० प्रतिशत मध्ये २५ प्रतिशतले हनु आउने रकम दोस्रो किस्ता बापतको रकम २०७७ साल मंसिर मसान्त सम्म र बांकी तेस्रो किस्ता वापतको २५ प्रतिशत रकम ०७७ फाल्गुण मसान्त सम्म चुक्ता गरि सक्नुपर्नेछ धरौटी वापतको जम्मा भएको रकमलाई अन्तिम किस्तामा मिलाउन पाईने छैन् । म्याद भित्र कवुलियत गर्न नआएमा नियमानुसार हुनेछ ।

९) पार्किङ तथा सरसफाई प्रयोजनको लागि लैजाने खाली सवारी साधन र आफ्नो सवारी साधन निजी प्रयोग गरेको अवस्थामा (व्यवसायिक बाहेक) यस नगरपालिका भित्रका व्यक्तिलाई कर लाग्ने छैन ।

१०) विगत वर्षहरुमा ठेक्का लिई रकम बुझाउन बांकी रहेका व्यक्ति वा फंमहरुले बांकी रकम चुक्ता नगरे सम्म र पेस्की/वेरुजु बांकी हुनेले फर्छयौट नगरेसम्म सिलबन्दी दरभाउपत्र खरिद गर्न पाउने छैन।

११) दर्ता भएका सिलबन्दी दरभाउपत्रहरु स्वीकृत गर्ने वा आशिंक रुपले स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यलयमा निहित रहनेछ।

१२) यसमा उल्लेख भएका कुराहरु यसै बमोजिम उल्लेख नभएका कुराहरुको हकमा प्रचलित नियमानुसार तथा सम्झौतामा उल्लेख गरिए बमोजिम हुनेछ साथै संघीय सरकार, प्रदेश सरकार र यस नगरपालिकाबाट समय समयमा गरिएको निर्देशनहरुको सिलवन्दी दरभाउपत्र वालाले पालना गर्नु पर्नेछ । साथै ठेक्का अवधि सम्झौताको मिति देखि २०७८ साल असार मसान्त सम्म मात्र हुनेछ ।

१३) यस सम्बन्धमा अन्य कुनै थप जानकारी आवश्यक भएमा कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

१४) सीलबन्दी दरभाउपत्र फाराम खरिद/दर्ता गर्ने समयः

| | | |
|---|---|---|
| सीलबन्दी दरभाउपत्र फारम खरिद गर्ने अन्तिम मिति र समयः२०७७।०६।०४ गते कार्यालय समय । | सीलन्दी दरभाउपत्र दर्ता गर्ने अन्तिम मितिः२०७७।०६।०५ गते समय १२:०० बजे भित्र | बोलपत्र खोल्ने मितिः २०७७।०६।०५ गते र समय २:३० बजे |

१५) दरभाउपत्र विवरण (ठेक्का)

| क्र.सं. | ठेक्का नं. | ठेक्का नाम (विवरण) | आ.ब. २०७७/०७८ को लागि न्यूनतम अंक (भ्याट बाहेक) रु. | दरभाउपत्र फारम दस्तुर रु. |
|---|---|---|---|---|
| १ | १ | त्रियासी-खहरे-एलादी देखी मनकामन सडक खण्ड वालिङ १, २, ३ र ४ | ५,७६,०००।०० | १०००।० |
| २ | २ | मिर्दी जगत भञ्याङ केवरे हुदै चापाकोट सडक खण्ड वालिङ ५, ६ र ७ | १०,११,७५१।०० | १०००।० |
| ३ | ३ | भुम्रे देखी डुम्रीभञ्याङ हुदै पर्वत सडक खण्ड वालिङ ९ र १४ | ११,०२,५००।०० | १०००।० |
| ४ | ४ | सुर्कौदी देखी अमले हुदै स्वरेक सम्मको सडक खण्ड वालिङ ९ र ११ | २,७९,४५९।०० | १०००।० |
| ५ | ५ | डुम्रीकोट, बिरन्टारी, चिथाक हुदै रौदी सम्मको सडक खण्ड वालिङ ८ | ७०,०००।०० | १०००।० |
| ६ | ६ | बायाटारी झोलुङ्गे हुदै सिर्सेकोट, लंकाकोट आदि सम्मको सडक खण्ड वालिङ १२ र १३ | ७,६५,९००।०० | १०००।० |
| ७ | ७ | नगरपालिका क्षेत्रभित्रका कवाडी जन्य सामान निकासी | ५,५०,०००।०० | १०००।० |